# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

बौद्ध, काठमाण्डौ, नेपाल, फोनः ५१७१२३४, ४२१७१२३, फ्याक्सः ५१७८३३३

**Statement of Financial Position**

| Particulars | Unaudited As of 15-Jul-21 | Unaudited As of 15-Jul-20 |
|---|---|---|
| **Assets** | | |
| **Non Current Assets:** | | |
| Property, Plant and Equipment | 1,645,395,293 | 1,721,230,874 |
| Intangible Assets | 13,345 | 19,582 |
| Work in Progress | 80,397,443 | 49,098,289 |
| **Total Non-Current Assets** | **1,725,806,081** | **1,770,348,746** |
| Current Assets: | | |
| Inventories | 32,268,630 | 14,605,129 |
| Trade and Other Receivables | 145,581,399 | 51,647,881 |
| Advance & Deposit | 171,831,052 | 173,240,084 |
| Investment | 1,022,100,000 | 1,314,806,228 |
| Cash and Cash Equivalents | 57,460,324 | 74,158,067 |
| **Total Current Assets** | **1,429,241,403** | **1,628,457,390** |
| **Total Assets** | **3,155,047,484** | **3,398,806,136** |
| **Equity & Liabilities** | | |
| **Equity:** | | |
| Share Capital | 1,886,654,000 | 1,886,654,000 |
| Reserves | 226,291,779 | 463,415,409 |
| **Total Equity** | **2,112,945,779** | **2,350,069,409** |
| **Liabilities:** | | |
| **Non Current Liabilities:** | | |
| Employee Benefits | 93,882,813 | 112,786,696 |
| Deferred Tax Liabilities | 59,384,798 | 59,384,798 |

**Statement of Financial Position**

| | | |
|---|---|---|
| **Total Non-Current Liabilities** | **153,267,611** | **172,171,494** |
| **Current Liabilities** | | |
| Unsecured Loans | 42,486,398 | 42,486,398 |
| Trade and Other Payables | 803,006,425 | 757,485,792 |
| Employee Benefit and Provisions | 43,341,271 | 76,593,043 |
| **Total Current Liabilities** | **888,834,093** | **876,565,233** |
| **Total Liabilities** | 1,042,101,704 | 1,048,736,727 |
| **Total Equity and Liabilities** | **3,155,047,484** | **3,398,806,136** |

**Statement of Profit & Loss Account**

| Particulars | Unaudited As of 15-Jul-21 | Unaudited As of 15-Jul-20 |
|---|---|---|
| Revenue from Operations | 147,339,265 | 852,691,087 |
| Other Income | 135,890,494 | 173,959,039 |
| **Total Income** | **283,229,759** | **1,026,650,126** |
| Operational Expense and Other Costs of Operation | 151,410,398 | 599,270,585 |
| Administrative Overhead | 101,985,181 | 110,764,533 |
| **Profit Before Depreciation, Amortisation and Tax** | **29,834,180** | **316,615,008** |
| Depreciation and Amortization Expenses | 79,483,947 | 139,196,101 |
| **Profit Before Tax** | **(49,649,767)** | **177,418,907** |

*Note: If The Statutory audit or supervisory authority notify and remarks to change the financial statement the same shall be changed accordingly.*

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को**
**अनुसूची - १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)**

## आ.व. २०७७/०७८ को चौथो त्रैमासिक अवधिको प्रतिवेदन

**१) वित्तीय विवरण**

(आ. व. २०७७/०७८ को चौथा त्रैमासिक अवधि १६ जुलाई २०२० देखि १५ जुलाई २०२१ सम्मको वित्तिय विवरण प्रस्तुत गरीएको छ )

क) विवरण तल संलग्न छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु:

| विवरणहरु | आ.व. २०७७/०७८ को चौथो त्रैमासिक | आ.व. २०७६/०७७ को चौथो त्रैमासिक |
|---|---|---|
| प्रतिशेयर आम्दानी/(नोक्सानी) | (२.६३) | ८.७८ |
| प्रतिशेयर नेटवथ | ११५.१४ | १२१.७१ |
| P/E ratio | (१५२.००) | २१.३० |

| विवरणहरु | आ.व. २०७७/०७८ को चौथो त्रैमासिक | आ.व. २०७६/०७७ को चौथो त्रैमासिक |
|---|---|---|
| प्रतिशेयर कूल सम्पत्तिको मूल्य | १६७.२३ | १८०.१५ |
| तरलता अनुपात | १.६१ | १.८६ |

**२) व्यवस्थापकिय विश्लेषण**

क) विगत आ.व. २०७६।०७७ को चौथो त्रैमासिक सम्ममा कूल आम्दानी रु. ८५.२७ करोड र कर्मचारी बोनस, CSR र कर अघिको खुद नाफा रु. १७.७४ रहेको मा विश्वब्यापी रुपमा फैलिएको कोरोना भाइरस महाब्याधीले विश्वभर असर गरेको र त्यसको प्रत्यक्ष प्रभाव पर्यटन ब्यवसायमा परेको, नेपाल लगायत अन्य देशहरुमा लकडाउन भएको, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय हवाइ उडानहरु ठप्प भएको कारण विगत वर्षको तुलनामा आ.व. २०७७/०७८ को चौथो त्रैमासिक सम्ममा कूल आम्दानी रु ७०.५४ करोडले घटेर रु. १४.७३ करोड हुन गई रु. ४.९६ करोड खुद नोक्सानी भएको कुरा जानकारी गराउदछौं ।

ख) यस अवधिमा कोरोना भाइरसका कारण व्यवसायमा प्रत्यक्ष रुपमा प्रतिकुल असर परेको हुनाले आय आर्जनमा अत्यन्तै कमि आई नोक्सानी हुन गएको छ । यसको असर कहिलेसम्म रहन्छ भनि अनुमान गर्न सक्ने अवस्था नरहेको भएतापनि घट्दो आम्दानी भएको अवस्थामा खर्चहरुमा मितव्ययीता अपनाई खर्चहरुमा कटौती तथा नियन्त्रण गरी नोक्सानी सकेसम्म घटाउने प्रयास जारी रहेको छ । होटलको नाफा बिगतको सोहि अवधि भन्दा अपत्यारिलो तरिकाले घटेको हुनाले आगामी अवधिमा प्रभावकारी रणनिती बनाई व्यवसायलाई पूर्ववत अवस्थामा ल्याउनका लागि प्रयासरत रहेको छ । होटलको Renovation गर्ने क्रममा यस अवधिमा Lobby Lounge को काम सम्पन्न गरी क्याफेको Renovation गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । कोरोनाको प्रभाव कम भई पर्यटन गतिविधि शुरु हुनासाथ यस होटललाई प्रथम स्थानमा राखि राख्नको लागि अत्याधुनिक प्रविधि युक्त सुविधाहरुको विस्तार गर्ने, आक्रामक बजार रणनिति बनाई श्रोत साधनको उच्चतम प्रयोग गरी स्थानिय स्तरमा प्रचार प्रसार गरी ग्राहकहरुलाई आकर्षण गर्न विभिन्न कार्यक्रम तथा योजनाहरु संचालन गरि बिक्री तथा नाफामा सुधार ल्याउने रणनिति अपनाई शेयरधनी महानुभावहरुलाई सकेसम्म चाँडो बढि भन्दा बढि प्रतिफल वितरण गर्ने लक्ष्य रहेको छ ।

ग) विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरसको कारण पर्यटकको आवत जावतमा अत्यन्तै कमि भएको, अन्तर्राष्ट्रिय हवाई उडानहरु सिमित रुपमा संचालन रहेको लगायतका कारणहरुले गर्दा कोरोना भाईरसको खोप सबैको लागि उपलब्ध नभएसम्म पर्यटन क्षेत्रमा सुधार आउन सक्ने अवस्था देखिदैन र यसको असर आगामी दिनहरुमा पनि पर्न जाने हुनाले यस आ.व.को आगामी अवधिको कारोवार, आम्दानी, मुनाफा र नगद प्रभावमा नकारात्मक प्रभाव पर्ने देखिन्छ ।

घ) आर्थिक वर्ष २०७५/०७६ मा पनि लगातार तेश्रो वर्ष गरी चौथो पटक पर्यटन व्यवसाय मध्ये सबैभन्दा बढी कर दाखिला गरेकोमा राष्ट्रिय कर दिवस २०७७ को अवसरमा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभागद्धारा कदर स्वरुप यस कम्पनिलाई सम्मानित गरेको व्यहोरा सहर्ष जानकारी गराउदछौं ।

**३) विचाराधीन मुद्दा मामिला सम्बन्धी विवरण**

क) ठूला करदाता कार्यालयले आ.व. २०७२/०७३ को आयकर तर्फ संशोधित कर निर्धारण गरेकोमा उक्त कर निर्धारण उपर चित्त नबुझि श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा प्रशासकीय पुनरावलोकनको लागि मिति २०७७०४।२१ मा निवेदन पत्र दर्ता गरेको छ । साथै यस अवधिमा कम्पनीको बिरुद्धमा कुनै मुद्दा दायर भएको सूचना कम्पनीलाई प्राप्त भएको छैन ।

ख) हालसम्म कम्पनीको संस्थापक वा संचालकले तथा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको सूचना कम्पनीलाई प्राप्त भएको छैन ।

ग) हालसम्म कम्पनीको संस्थापक वा संचालकहरु विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको सूचना प्राप्त भएको छैन ।

**४) संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**

क) शेयर कारोबारमा हुने उतार चढाब खुल्ला बजारले प्रतिपादित गरेको मूल्य तथा मान्यता अनुरुप हुने गरेको । शेयर कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा टतस्थ रहेको छ ।

ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या निम्नानुसार रहेको छ :

| विवरणहरु | आ.व. २०७७/०७८ को चौथो त्रैमासिक | आ.व. २०७६/०७७ को चौथो त्रैमासिक |
|---|---|---|
| अधिकतम मूल्य | ४५५ | २९५ |
| न्यूनतम मूल्य | २७५ | १६७ |
| अन्तिम मूल्य | ४०० | १८७ |

| विवरणहरु | आ.व. २०७७/०७८ को चौथो त्रैमासिक | आ.व. २०७६/०७७ को चौथो त्रैमासिक |
|---|---|---|
| कारोबार भएको कुल दिन | ७३ | १५ |
| कुल कारोवार शेयर संख्या | २३,०८,१८४ | ६०,१५१ |

**५) समस्या तथा चुनौती**

यस कम्पनीको आन्तरिक कुनै समस्या नरहेको जानकारी गराउदछौं । विश्वव्यापी रुपमा फैलिएको कोरोना महाव्याधीको प्रतिकुल प्रभाव, अन्तर्राष्ट्रिय हवाई उडानहरुमा आएको संकुचन, देशमा नयाँ पाँच तारे होटलहरु खुलेको तर त्यसै अनुरुप पर्यटक आगमनमा बृद्धि नहुनु, पर्यटक सम्बन्धि भौतिक पूर्वाधारहरुको विकास नहुनु, विदेशी मुद्राको विनिमयमा भईरहने उतार चढाव, अप्रत्यासित रुपमा पर्यटन क्षेत्रमा हुने बन्द तथा हड्ताल जस्को कारणले आन्तरिक तथा बाह्रय पर्यटकमा पर्ने नकारात्मक प्रभाव, अचानक रुपमा देशमा आई पर्ने असहज परिस्थीति जस्तै राजनैतिक असहजता, प्रकृतिक तथा दैविक प्रकोपहरु आदीलाई बाहिरी समस्याहरुको रुपमा लिइएको छ । उल्लेखित समस्या तथा चुनौतीहरु मध्ये काबु भन्दा बाहिरको समस्या बाहेक अन्य समस्या तथा चुनौतीहरुलाई यस होटलले निष्प्रभावि बनाउदै प्रभावकारी बजार व्यवस्थापन, होटलको आवश्यक मर्मत तथा संभार, अन्तर्राष्ट्रिय स्तरको गुणस्तरीय ग्राहक सेवाको स्तरउन्नति र लक्ष्य अनुसारको आम्दानी बढाउन नयाँ बजार तथा ग्राहकहरुको खोजी गर्ने जस्ता रणनीति अपनाई समस्या समाधान गर्दै जाने नीति लिईएको छ ।

**६) संस्थागत सुशासन**

कम्पनीले प्रचलित ऐन तथा कानुन, नेपाल र अन्तर्राष्ट्रिय लेखामान बमोजिमको मापदण्ड, नियमनकारी निकायहरुबाट जारि भएका नियम, विनियम, निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ । साथै आन्तरिक नियन्त्रण प्रणाली, सञ्चालन जोखिमहरु कम गर्न तथा कारोबारलाई थप व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियमहरु लागु गरि कम्पनीको सञ्चालक समिति, लेखापरीक्षण समिति लगायत सबै आ-आफ्नै स्थानवाट कम्पनीको प्रगति निमित्त अहोरात्र खट्ने गरेको र आन्तरिक विभिन्न समितिहरु सदैव क्रियाशील रहि परिणाममुखि कार्यहरु गर्दै आइरहेका छन् ।

**७) सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुको सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।